# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा कोशी प्रदेश, नेपाल २०७३

पत्र संख्या : ०८०/८१
चलानी नं. : ९८६४

मिति : २०८०/१२/१५
ने.सं. ११४४ चिल्लागा, ३ विहीवार

विषयः सेवा विस्तारको जानकारी सम्बन्धमा।

श्री सबै निजामति कर्मचारीहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. १२५ मिति २०८०/१२/०७ को पत्र यसै साथ संलग्न छ। उक्त पत्रमा उल्लेख भए बमोजिम निजामती कर्मचारी अस्पताल बाट प्रदान गरिने **OPD** सेवा विस्तार र विशेष गरी कर्मचारी र निजको परिवारलाई प्रदान गरिने **OPD** सेवा प्रत्येक हप्ता ६ दिन बिहान ९ देखि १० बजे सम्म र दिउँसो २ देखि ४ बजे सम्म छुट्याएकोले सो समयमा सहज रुपमा सेवा लिन सकिने व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

.........................
निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८०/०८१
चलानी नं. : १२५

मिति २०८०।१२।०७

श्री स्थानिय तह, सबै,।

विषय : सेवा विस्तारको जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा निजामती कर्मचारी अस्पतालको च.नं १३८९ मिति २०८०।१२।०४ को पत्र यसै साथ संलग्न छ।

उक्त पत्रमा उल्लेख भए बमोजिम उक्त अस्पतालवाट प्रदान गरिने बहिरंग सेवा (OPD) विस्तार र विशेष गरी निजामती कर्मचारी र निजको परिवारलाई प्रदान गर्ने बहिरंग सेवा (OPD) प्रत्येक हसा ६ दिन बिहान ९ देखी १० वजे सम्म र दिउसो २ देखि ४ बजे सम्म प्राथमिकतामा राखि समय छुट्टयाएकोले सो समयमा सहज रुपमा सेवा लिन सकिने व्यहोरा तहाँ र तहाँ मातहत कार्यरत कर्मचारीहरुलाई जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

शरद कुमार दाहाल
शाखा अधिकृत

बोधार्थ

श्री निजामती कर्मचारी अस्पताल, मीन भवन, काठमाडौं।

सि.न.पा., ओखलढुंगा
दर्ता नं. १६०६
मिति: २०८०।१२।१५

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# निजामती कर्मचारी अस्पताल
मिनभवन, काठमाण्डौं

प.सं.२०८०/८१
च.नं. १३८९

फोन नम्बर: ०१४१०७०००
फ्याक्स नं.: ०१४१०७००३

मितिः २०८०।१२।०४

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः बहिरङ्ग सेवा (OPD) सेवा विस्तार सम्वन्धमा ।**

उपर्युक्त विषयमा यस अस्पतालबाट प्रदान गरिदै आएको बहिरङ्ग सेवा (OPD) लाई अझ बढी व्यवस्थित बनाउन र निजामती कर्मचारी तथा निजका परिवारहरुलाई प्रदान गरिने सेवामा सहज पहुँच अभिवृद्धि गर्नका लागि देहाय बमोजिमको थप व्यवस्था गरिएको हुँदा सबै निजामती कर्मचारीलाई जानकारी गराउने प्रयोजनका लागि ताहाँ मार्फत सबै मन्त्रालय/निकाय/आयोग/सचिवालयलाई परिपत्र गरिदिनु हुनको लागि सादर अनुरोध गर्दछु ।

<u>देहाय</u>

(क) सबै विषयका बहिरङ्ग सेवा (OPD) लाई हप्ताको ६ दिन नै सञ्चालनमा ल्याइएको।

(ख) निजामती कर्मचारी तथा निजका परिवारहरुलाई विहान ९ बजे देखि १० बजे सम्म बहिरङ्ग सेवा (OPD) प्रदान गर्ने समय छुट्याइएको ।

(ग) सर्वसाधारण विरामीलाई १० बजे देखि दिउसो १:०० बजे सम्म र निजामती कर्मचारी तथा निजका परिवारहरुलाई दिउसो २:०० बजे देखि ४:०० बजे सम्म प्रथामिकतामा राखि बहिरङ्ग सेवा (OPD) सेवा प्रदान गरिने व्यवस्था मिलाईएको।

<u>सादर अवगतार्थ</u>
श्रीमान् मुख्य सचिवज्यू, नेपाल सरकार
(अध्यक्ष, निजामती कमर्चारी अस्पताल विकास समिति) ।

........................................
(प्रा.डा. विधान निधि पौडेल)
कार्यकारी निर्देशक